माछामासु तथा डेरी पसल/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)
(प्रथम संसोधन मिति २०८१/०५/२८)

उपभोक्तालाई स्वच्छ र गुणस्तरीय माछामासु तथा माछामासुजन्य पदार्थ र दूध तथा दुग्धजन्य पदार्थहरु उपलब्ध गराउन गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी माछामासु वा डेरी पसल निर्माण/सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

१ आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरुः

१.१ आवेदकको योग्यताः

(क) आवेदक फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ ।
(ख) माछामासु तथा डेरी पसल कम्तिमा ८० वर्ग फिट क्षेत्रफलमा सञ्चालन गर्ने हुनुपर्नेछ।[1]
(ग) विगत १ वर्ष देखि माछामासु वा डेरी पसल सञ्चालन गरिरहेको हुनुपर्नेछ।[1]

१.२ पेश गर्नुपर्ने कागजातहरुः

(क) आवेदकको कम्तीमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं. ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ ।
(ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सिर्जना, उत्पादन तथा उत्पादकत्व वृद्वि, बजारीकरण | २० |
| १.१ | लागत | ५ |
| १.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा वढी भएको । | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा वढी १:१.५ सम्म भएको । | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको । | ३ |
| १.२ | रोजगारी सृजना | ५ |
| १.२.१ | एकाघर भन्दा बाहिरको कम्तीमा थप एक जनालाई रोजगारी दिने | ५ |

[1] प्रथम संसोधनवाट संसोधित

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश सरकार

| | | |
|---|---|---|
| १.२.२ | एकाघर भन्दा बाहिर रोजगारी निदिने | ३ |
| १.३ | **बजारीकरण** | १० |
| १.३.१ | मासिक रु ५००००/- वा सो भन्दा वढीको माछामासु वा दुग्धजन्य पदार्थको बिक्री गर्ने । | १० |
| १.३.२. | मासिक रु ५००००/- भन्दा कमको माछामासु वा दुग्धजन्य पदार्थको विक्री गर्ने । | ६ |
| २. | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| २.१ | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको । | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको । | ३ |
| २.२ | **प्राबिधिक उपयुक्तता** | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अवलम्वन गरेको/गर्ने । | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अवलम्वन नगर्ने । | ३ |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | ३ बर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | ३ बर्ष भन्दा कम | ३ |
| ४ | **अपेक्षित नतिजा र दिगोपना** | १० |
| ५ | **अघिल्ला दुई आ.ब. मा कुनै कार्यालयवाट अनुदान लिए/नलिएको** | १० |
| ५.१ | नलिएको | १० |
| ५.२ | प्रस्तावमा उल्लेखित कियाकलाप भन्दा फरक प्रकृतिको कियाकलाप गर्नको लागि लिएको । | ५ |
| | **जम्मा** | ५० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ । स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं.:

ग) कार्यक्रम संचालन हुने स्थानः

घ) संचालन गरेको व्यवसायः

---

[1] प्रथम संसोधनवाट संसोधित

ङ) संचालन गरिने क्रियाकलापको विवरण

| क.सं. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदी) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

च) प्रस्तावित कार्यक्रम संचालनवाट प्राप्त हुने उपलब्धिहरु ( भौतिक संरचना विकास/सुधार, मासिक विक्री हुने पदार्थको परिमाण (रकम समेत उल्लेख गर्ने), रोजगारी सृजना आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | मासिक विक्री हुने पदार्थको | | | | |
| | परिमाण | | | | |
| | रकम | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक | | | | |
| ई) | अन्य उपलब्धीहरु | | | | |
| जम्मा | | | | | |

छ) बजारीकरण (दूध संकलन/बध गर्नका लागि पशुपन्छीको स्रोत के हो र दूध/मासुको विक्री वितरण कसरी हुन्छ) बारे खुलाउने:

ज) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना:

झ)वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्न के उपाय अवलम्वन गरिन्छ वा गरेको छ:

प्रस्तावकको

नाम: छाप:

ठेगाना:

सम्पर्क व्यक्ति: दस्तखत:

मिति:

[1] प्रथम संसोधनवाट संसोधित

४. संचालन गर्न सकिने क्रियाकलापहरुः

क) स्वीकृत बजेटको परिधि भित्र रही बुदाँ नं ५ को खण्ड (क) देखि (ज) सम्मका कार्यहरुको निर्माण वा सुधार वा सामाग्री खरिद गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

५. न्यूनतम पूर्वाधार र शर्तहरुः

निर्माण/सुधार हुने माछा (जिउँदो समेत)/मासु वा डेरी पसलमा निम्नानुसारका पूर्वाधारको व्यवस्था गर्न सकिनेछ।

क) भित्तामा ६ फिटसम्म सेतो टाइल/मार्वल वा सफा गर्न सहज हुने पानी नसोस्ने खालका सामग्री प्रयोग गरिएको र भुँइमा नचिप्लिने, पानी नजम्ने र सजिलै सफा गर्न मिल्ने गरी सेतो टाइल वा मार्वल लगाएको।[1]

ख) चिस्यानका लागि डिस्प्ले रेफ्रिजेरेटर वा डिपफ्रिज राखेको ।

ग) स्टेनलेस स्टिलवाट बनेको औजार तथा उपकरणको व्यवस्था गरेको ।

घ) पसल हावादार र प्रशस्त प्रकाश व्यवस्था भएको तर झिंगा तथा अन्य जिवजन्तु नपस्ने गरी जाली वा ढोका लगाएको

ङ) स्वच्छ पानीको व्यवस्था भएको, फोहर व्यवस्थापन गरेको र पसलमा धुलो मैलो नहुने र पानी नचुहिने बनाएको ।

च) बिजुलीको वैकल्पिक व्यवस्था (जेनेटर वा सोलार) गरेको।

छ) गुणस्तर तथा नापतौल विभागवाट प्रमाणित इलेक्ट्रीक ब्यालेन्स राखेको ।

(ज) जिउँदो माछा पसलको हकमा माछा राख्ने ट्याङ्की कम्तिमा ५ फिट लम्बाई, ३.५ फिट चौडाइ र ३ फिट उचाइ भएको । ट्याङ्कीको कम्तिमा आधा भाग सफा पानीले भरिएको र फोहराको व्यवस्था भएको ।

झ) पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमबुट, मास्क, हेड कभर र ग्लोव लगाएको ।

ञ) विभिन्न प्रकारका पशुको मासु छुट्टा छुट्टै राखी बिक्री वितरण गरेको ।

ट) प्रचलित कानूनले बन्देज लगाएका र गुणस्तरहीन माछामासु र दूध तथा दुग्धजन्य पदार्थ विक्री नगर्ने गरेको ।

ठ) माछामासु टुक्राउने अचानो सफा र प्रयोग नभएका बखत छोपेर राख्ने गरेको ।

ड) मानव स्वास्थ्यमा नकारात्मक असर गर्ने र माछामासु र दूध तथा दुग्धजन्य पदार्थको गुणस्तरमा ह्रास ल्याउने किसिमका हानिकारक रसायनिक पदार्थको प्रयोग नहुने गरेको ।

ढ) माछा बाहेकको हकमा मासु पसलमा पशुपन्छी बध गर्ने कार्य नगरेको ।

[1] प्रथम संसोधनवाट संसोधित